सुनापति गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक

कार्यपालिका बैठक संख्या: १०
आ.व:२०८२/०८३
मिति: २०८२ माघ १, बिहीबार
समय: बिहान ८:०० बजे
स्थान: सुनापति गाउँ कार्यपालिकाको कार्यालय।

आज मिति २०८२ साल माघ १ गते बिहीबारका दिन सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलोकान्छा तामाङ ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका निर्णय गरियो।

**उपस्थिति:**

| | | |
|---|---|---|
| १. श्री ठुलोकान्छा तामाङ | अध्यक्ष | |
| २. श्री गीता बिष्ट | उपाध्यक्ष | |
| ३. श्री ध्रुव प्रसाद चौलागाई | सदस्य | |
| ४. श्री पदम बहादुर थापा | सदस्य | |
| ५. श्री कुल बहादुर थिङ | सदस्य | |
| ६. श्री डण्डुप लामा | सदस्य | |
| ७. श्री चित्र बहादुर मानन्धर | सदस्य | |
| ८. श्री रिता कामी धमला | सदस्य | |
| ९. श्री अविना लामा | सदस्य | |
| १०. श्री सुनमाया तामाङ | सदस्य | |
| ११. श्री हरि माया श्रेष्ठ | सदस्य | |
| १२. श्री टासी लामो | सदस्य | |
| १३. श्री मिन कुमार खाती | सदस्य | |
| १४. श्री सुरेश कुमार श्रेष्ठ | सचिव | |

**अन्य उपस्थिति:**

१५.श्री रविन्द्र कुरेल - प्रशासन शाखा
१६.श्री सर्मिला थिङ - कार्यालय सहयोगी

CamScanner

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को दशौं कार्यपालिका बैठक

१ माघ २०८२

ने.स. ११४६ पोहेलागा १२ बिहीबार

<table>
<tr><th>क्र. सं.</th><th>प्रस्तावहरु</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>अघिल्ला कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा।</td><td>यस सम्बन्धमा विस्तृत छलफल गर्दा अघिल्ला गाउँकार्यपालिकाको बैठकले गरेका निर्णयहरुको कार्यान्वयन अवस्थाबारे छलफल र समीक्षा गर्दै निर्णय कार्यान्वयनलाई अझ प्रभावकारी, कानूनसम्मत र समयमा क्रमशः कार्यान्वयन गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>२</td><td>सोनाम ल्होछारको स्थानीय विदा सम्बन्धमा।</td><td>यस सम्बन्धमा छलफल गर्दा तामाङ्ग समुदायको ठूलो राष्ट्रिय पर्व यहि मितिः २०८२-माघ ५ गते पर्ने भएकोले यस पर्वको अवसरमा ५ गते राष्ट्रिय विदा भएकोले माघ ४ गते र ६ गते स्थानीय विदा स्वीकृत गरी माघ ४, ५ र ६ गते सुनापति गाउँकार्यापालिका कार्यालय, अन्तर्गतका वडा कार्यालय, स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवा नहुने र विधालयको पठनपाठन बन्द रहने साथै वैंक तथा वित्तीय संस्थाहरुबाट प्रवाह हुने सेव समेत बन्द रहने सुचना जारी गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>३</td><td>कर्मचारी व्यवस्थापन सम्बन्धमा।</td><td>बागमती प्रदेश लोकसेवा आयोगबाट सिफारिस भई यस गाउँकार्यपालिका कार्यालयमा स्थायी नियुक्तिका लागि आएका तपसिलका कर्मचारीहरुलाई देहाय अनुसारको जिम्मेवारी सहित खटाउने निर्णय गरियो।<br>तपसिलः
<table>
<tr><th>क्र. सं.</th><th>कर्मचारीको नाम, थर</th><th>पद र तह</th><th>जिम्मेवारी तोकिएको निकाय</th></tr>
<tr><td>१</td><td>सुशिला गुप्ता</td><td>सव-इन्जिनियर ५औं तह</td><td>वडा नं. २ को कार्यालय दिमीपोखरी।</td></tr>
<tr><td>२</td><td>पंकज चौधरी</td><td>सव-इन्जिनियर ५औं तह</td><td>वडा नं. ३ को कार्यालय हिलेदेवी।</td></tr>
<tr><td>३</td><td>दिनेश कुमार थापा</td><td>कृषि प्राविधिक ५औं तह</td><td>वडा नं. ३ को कार्यालय बेथान।</td></tr>
<tr><td>४</td><td>जर्ज खड्का</td><td>पशु प्राविधिक ५औं तह</td><td>वडा नं. २ को कार्यालय दिमीपोखरी।</td></tr>
<tr><td>५</td><td>सुनिता दसौंदी</td><td>प्राविधिक सहायक पाँचौ</td><td>गाउँपालिका, शिक्षा, युवा तथा खेलकुद शाखा।</td></tr>
</table>
पुनश्चः यस कार्यालयको वडा कार्यालय अन्तर्गत कार्यरत तपसिलका करार प्राविधिक कर्मचारीको २०८२ माघ १ गते देखि थप हुने करार सम्झौता अन्तिम पटकको लागि थप गरी यस भन्दा पछि करार अवधि पूरा भए पश्चात पुनः करार अवधि नवीकरण वा थप नगर्ने सर्तमा हाललाई करार म्याद थप गर्ने निर्णय</td></tr>
</table>

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को दशौं कार्यपालिका बैठक

१ माघ २०८२ ।

ने.स. ११४६ पोहेलागा १२ बिहीबार

<table>
<tr><td></td><td></td><td>गरियो। करार अवधिमा निजहरुको कार्यसम्पादन चित्त बुझ्दो नहुनुको साथै जवाफदेही र जिम्मेवार भई कामकाज नगरेमा करार रद्ध गर्ने।<br>तपसिलः -<br>
<table>
<tr><th>क्र.सं.</th><th>कर्मचारीको नाम, थर</th><th>पद र तह</th><th>कार्यरत निकाय</th></tr>
<tr><td>१</td><td>नवीन जैरु</td><td>रोजगार प्राविधिक ५औं</td><td>वडा नं. ३ को कार्यालय, हिलेदेवी</td></tr>
<tr><td>२</td><td>भुपेन्द्र यादव</td><td>सव-इन्जिनियर ५औं</td><td>वडा नं. ४ को कार्यालय, बेथान</td></tr>
</table>
</td></tr>
<tr><td>४</td><td>अर्धवार्षिक प्रगति समीक्षा सम्बन्धमा।</td><td>यस चालु आर्थिक वर्ष २०८२/०८३ को अर्ध वार्षिक समीक्षा कार्यक्रम यहि मितिः २०८२ माघ महिना भित्र मिति तय गरी गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>५</td><td>कार्यविधि स्वीकृत सम्वन्धमा।</td><td>तपसिलको कार्यविधि स्वीकृत गरी राजपत्रमा प्रकाशनका साथै कार्यान्वयन गर्ने निर्णय गरियो।<br>तपसिलः<br>१. बाल कोष (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२।<br>२. गुनासो सुनुवाई र व्यवस्थापन कार्यविधि, २०८२।</td></tr>
<tr><td>६</td><td>उर्गेन साङ्गे छ्योलिङ गुम्वालाई सहयोग बजेट हस्तान्तरण सम्बन्धमा।</td><td>चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रममा संघीय समानीकरण तर्फ भक्तपुरको उर्गेन साङ्गे छ्योलिङ गुम्वा निर्माण सहयोग रकम भनी रु. ४,५०,०००/- अक्षरुपी चार लाख पचास हजार बजेट विनियोजन भएकोमा सो गुम्वामा सुनापति गाउँपालिकाका नागरिकले धार्मिक तथा साँस्कृतिक कार्यक्रम गरी सेवा लिने नागरिकको तथ्यपूर्ण तथ्यांक, गुम्वाको सहयोग माग सम्वन्धी पत्र, सुर्यविनायक नगरपालिका र सम्वन्धित वडाको सिफारिस साथै सहयोग रकमबाट गर्ने निर्माण कार्यको लागत इस्टिमेटको आधारमा रु. चार लाख मात्र सहयोग रकम प्रदान गर्ने निर्णय गरियो।</td></tr>
<tr><td>७</td><td>अध्ययन विदा सम्वन्धमा।</td><td>सलिना पौडेलको अध्ययन विदा स्वीकृत गर्ने। यस सम्वन्धमा विस्तृत छलफल गर्दा खनियापानी स्वास्थ्य चौकिका हे.अ. श्री सलिना पौडेलले अध्ययम विदाको पूर्व स्वीकृति लिई पूर्ण छात्रवृत्तिमा स्नातक तह वा सो सरहको विषयको BPH कार्यक्रम अध्ययनका लागि Far Western University of Health Science, डडेलधुरामा भर्ना भई तलवी अध्ययन विदाको लागि निवेदन दिएकोमा बागमती प्रदेश सरकारको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ५९ को उपदफा (४) को तलवी अध्ययन विदाको लागि ऐ. ऐनको दफा ६३(क) मा गाउँकार्यपालिकाले स्वीकृत गर्ने व्यवस्था बमोजिम निजको तलवी अध्ययन विदा स्वीकृत गर्ने निर्णय गरियो। साथै यस तलवी अध्ययन विदा प्रयोग गरी तोकिएको कोर्ष पूरा गरेर फर्किएपछि यस गांउँपालिकाको सम्वन्धित स्वास्थ्य चौकिमा</td></tr>
</table>

सुरेश कुमार श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

| | | |
|---|---|---|
| | | स्वास्थ्य सेवा ऐन तथा नियमावली बमोजिम अनिवार्य सेवा गर्नु पर्ने गरी निजसँग सम्झौत गर्ने समेत निर्णय गरियो। |
| ८ | स्वास्थ्य चौकी खनियापनीको कर्मचारी व्यवस्थापन सम्बन्धमा। | भिरकोट सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत सि.अ.हे.व. चन्द्र मानन्धरलाई स्वास्थ्य चौकी खनियापानीमा खटाई खनियापानी स्वास्थ्य चौकीमा कार्यरत अ.न.मी. संगिया के.सी. लाई सामुदायिक स्वास्थ्य इकाई भिरकोटमा खटाउने निर्णय गरियो। |
| ९ | भुक्तानी सम्बन्धमा। | चालु आर्थिक वर्ष २०८२/०८२ को बजेट तथा कार्यक्रमबाट स्वीकृत भई उपभोक्ता समिति र बोलपत्र आह्वानबाट कार्यान्वियन भएका तपसिलका योजना तथा कार्यक्रमको भुक्तानी दिने निर्णय गरियो।<br>क) वडा नं. ४ को वडा कार्यालय अगाडिको स्याउरीनान खेलकुद ग्राउण्ड घेरावार रु. ४,००,०००/-।<br>ख) खानीखोला हुँदै गुन्सी गुन्सी जाने बाटो मर्मत तथा स्तरोन्नति योजना रु. २०,००,०००/-।<br>ग) पशुपति मा.वि. वाल तथा ट्रष्ट निर्माण १५,००,०००/-।<br>घ) गुन्सी पोखरी निर्मण रु. ५०,००,०००/-। (गाउँपालिका गौरवको योजना अन्तर्गत आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रमबाट रु. १,५०,००,०००/- रकम विनियोजन भई मितिः २०८०/१२/३० गते ठेक्का नं. SUN/W/NCB/03/2080/81 को बोलपत्र आह्वान गरी शैलुङ्गेश्वरी चौरीखोला कन्स्ट्रक्सन कम्पनी प्रा.लि., दोरम्बा गा.पा. ७ रामेछाप निर्मण कम्पनीसँग ठेक्का सम्झौता भई कायदिश दिई निर्माण कार्य भएको तर विविध कारणले समयमा निर्माण कार्य नसकिएको र आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रममा क्रमागत योजनाको रुपमा रकम व्यवस्थापन भए बमोजिम ठेकेदार कम्पनीबाट नियमित रुपमा निर्माण कार्य सञ्चालन भई हाल सम्म ८४ प्रतिशत कार्य सम्पन्न भएकोले सोको कार्यस्वीकार गर्ने र भुक्तानीको लागि माग भएकोले नियमाअनुसार भुक्तानी दिने।)<br>ङ) खनियापानी सामुदायिक भवन व्यवस्थापन रु. ३,००,०००/-<br>च) घिसिङ्गटोल सडक मर्मत सुनापति १ रु. ५,००,०००/-<br>छ) छिमिरखोला होन्दल परिङ्गाल सडक स्तरोन्नति रु. १०,००,०००/-<br>ज) वडा कार्यालय सडक स्तरोन्नति सुनापति ५ र. १०,००,०००/-<br>झ) ससखोला सडक तथा समाधि स्थलपाटी निर्माण वडा नं. ५ रु.१०,००,०००/-<br>२०८२ असार, श्रावण र भदौका साथै असोज १७-१९ गते परेको अविरल वर्षाको कारण सुनापति गाउँपालिकाको तपसिलको सडकमा क्षेति भएको र विपद् |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | व्यवस्थापन अन्तर्गतको सडक सरसफाई गरी यातायातको सहज आवागमनलाई सजिलो बनाएकोले सुनापति गाउँपालिका भित्रको विपद् पछि सडक सरसफाई कार्यक्रम अन्तर्गतका तपसिलको सडक सरसफाईको भुक्तानी प्रकोप व्यवस्थापन कोषमा विनियोजित बजेटबाट र सानातिना निर्माण मर्मत सुधार योजना शिर्षकको बजेटबाट भुक्तानी दिने।<br>तपसिलः<br>१. वडा नं. १ को बाङ्गेवेंसी बेलकोबोट, सिमपानी पौवाडाँडा, मध्यपहाडी ढोडेनी, कोलगहिरा बोझिनी, खिम्तोवेंसी हिर्केटार, रिसिङ खिम्ति र वडा नं. ५ को भिरकोट भूमिस्थान जल्किनी छिमिरखोला रुपाकोट, कटुन्जे डाँसे, आलेटोल खनियापानी मिजारथोक वडा कार्यालय, डाँसे लुभु, नाककाटे डाँडा देसारगाउँ लगायतको सडक खण्ड सरसफाईको भुक्तानी प्राविधिक मूल्यांकन बमोजिम र अनुगमन प्रतिवेदन अनुरुप सानातिना निर्माण मर्मत सुधार योजना शिर्षकबाट दिने।<br>२. वडा नं. २ को कामा पानीट्यांकी दिमीखोला रजमानटार, वडा नं. ३ को कामाखोला क्षेत्र र कामाखोला सडक, लाँकुरीखोला खानीखोला, साउने पहिरो क्षेत्रको सडक खण्ड सरसफाईको भुक्तानी प्राविधिक मूल्यांकन र अनुगमन प्रतिवेदनको आधारमा स्थानीय प्रकोप व्यवस्थापन कोष शिर्षकको बजेटबाट दिने।<br>३. वडा नं. २ को गाल्पा राम्चे मानपुर सडक, मानपुर लाँकुरीभञ्याङ्ग रजमानटार सडक, मानपुर आलमपुर गोठपानीखोला दोरम्बा सडक र वडा नं. ४ को चारदोबाटो डहुडाँडा, खोपपाखा लोफ्राङ, खोपपाखा अँधेरीखोला, अँधेरीखोला भ्वाँसा, खान्जापिप्ले भ्वाँसा स्कुल, डहुडाँडा घरगोठ मध्यपहाडी केउरेनी वेंसीटोल, विशटोल मगरवटी, दोभानटार, जोम्सा वडा कार्यालय सडक र च्याडी सडक खण्डहरु सरसफाईको भुक्तानी प्राविधिक मूल्यांकन र अनुगमन प्रतिवेदनको आधारमा स्थानीय प्रकोप व्यवस्थापन कोष शिर्षकको बजेटबाट दिने।<br>४. सुनापति आधारभूत अस्पताल सवलिकरण तथा मर्मतको भुक्तानी प्राविधिक मूल्यांकन र अनुगमन प्रतिवेदनको आधारमा सानातिना निर्माण मर्मत सुधार योजना शिर्षकको बजेटबाट दिने। |
| १० | सुनापति भ्रमण वर्ष २०८३ मनाउने सम्बन्धमा। | यस सुनापति गाउँपालिकाको भ्रमण वर्ष आगामी मितिः २०८३ वैशाख ३, ४ र ५ गते तपसिलको कार्यक्रमहरु गरी घोषणा गर्ने र मनाउने निर्णय गरियो।<br>१. १०८ लहरेमानेको र लामा टोलमा रहेको गुरु रेम्बोचे पद्म सम्भावको मूर्ति समुद्घाटन गर्ने। |

सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

सुनापति गाउँपालिका, हिलेदेवी, रामेछाप

आ.व.२०८२/०८३ को दशौं कार्यपालिका बैठक

१ माघ २०८२

ने.स. ११४६ पोहेलागा १२ बिहीबार

| | | |
|---|---|---|
| | | २. सुनापति डाँडाको पर्व उद्घाटन गर्ने।<br>३. स्थानीय उत्पादनहरुको बिक्री स्टलहरु राखी बेचबिखन र बजारीकरण गर्ने तथा पर्यटन प्रवर्द्धन गर्ने।<br>४. कार्यक्रमको लागि बाह्य सहयोगबाट समेत रकम जुटाउने।<br>५. बाह्य रकम तथा सहयोग जुटाउन सुनापति भ्रमण वर्ष कार्यक्रम सञ्चालनको लागि प्रस्तावना तयार गरी पर्यटनसँग सम्बद्ध सरकारी तथा गैरसरकारी निकायहरुसमक्ष प्रस्ताव पेश गर्ने।<br>६. सुनापित पर्यटन व्यवस्थापन सम्वन्धी कार्यविधि तर्जुमा गर्ने।<br>७. कार्यक्रम सञ्चालनको लागि कार्यविधि वमोजिम विभिन्न समिति तथा उपसमितिहरु गठन गरी जिम्मेवारी दिने।<br>८. सुनापति गाउँसभाको १९औं अधिवेशनबाट विनियोजित लहरेमाने पुजा र उद्घाटन कार्यक्रम रु.८,००,००/- र तथा संघीय समानीकरण तर्फको १०८ लहरेमाने सोनम ल्होसारको अवसरमा कार्यक्रम व्यवस्थापन रु.४,००,०००/- बजेट समेत सुनापति भ्रमण वर्ष घोषणा कार्यक्रम व्यवस्थापनको लागि उपयोग गर्ने। यसरी सुनापति भ्रमण वर्ष घोषणा कार्यक्रम सञ्चालन तथा व्यवस्थापन रु. १२,००,०००/-कायम गर्ने। |
| ११ | वडा छनौट सम्बन्धमा। | बागमती प्रदेश सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट स्वीकृत बजेट तथा कार्यक्रमबाट गरिबी निवारणको लागि उद्यमशीलता प्रवर्धन कार्यक्रमको लागि २० (वीस) लाख बजेट सुनिश्चित भएको र सो कार्यक्रमको लागि तपसिलको वडा छनौट गरी १०० जना गरिव र अतिगरिव लाभग्राही छनौट गर्ने।<br>तपसिलः<br>वडा नं. १ देखि वडा नं. ५ का सबै वडाबाट लाभग्राही छनौट गर्ने र कफि खेती र तरकारी तथा कृषि सम्बन्धी अन्य व्यवसाय सहितको व्यवसाय गर्न चाहने तथा टेलरिङ्ग, थान्का र गलैंचा, ब्यूटिसियन, अचार बनाउने, दुध डेरी लगायतका सीप विकास तथा तालिम र सीप सिकेर प्रमाण पत्र लिएकालाई आवश्यक प्रविधि हस्तान्तरण समेत गर्ने। |
| १२ | चिया खेती सार्वजनिक निजी साझेदारीमा गर्ने। | सुनापति चिया खेति व्यवस्थापन तथा सञ्चालनको लागि सार्वजनिक निजी साझेदारी मोडेलमा सञ्चालनको लागि प्रस्ताव आह्वान गर्ने। |
| १३ | ड्राइभिङ्गको लागि लाभग्राही छनौटको सुचना प्रकाशन गर्ने। | ड्राइभिङ्ग सम्वन्धी सीप विकास तालिम सञ्चालनको लागि सुनापति सीप विकास तालिम सञ्चालन कार्यविधि, २०८२ तर्जुमा गरी सोही कार्यविधि लाभग्राही छनौटको लागि आवेदन दिन सार्वजनिक सूचना प्रकाशन गरी कार्यविधिको मापदण्ड बमोजिमको इच्छुक लाभग्राही छनौट गरी तालिम कार्यक्रम सञ्चालन गर्ने। इच्छुक |

सुरेश कुमार श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत

CamScanner